निर्णय नं. १ : आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

आ.व. २०७९/०८० को लागि नवौं गाउँ सभामा २०७९।०३।१० गते शुक्रबारका दिन बजेट तर्जुमाका संयोजक श्रीमति शर्मिला विष्ट ज्यूले प्रस्तुत गर्नु भएको

## आर्थिक वर्ष ०७९/०८० को नीति तथा कार्यक्रम

सखुवा प्रसौनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, सखुवा प्रसौनी, पर्सा

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

आ.व. २०७९।०८० को निती तथा कार्यक्रम

यस सखुवा प्रसौनी गाउँपालिकाको बजेट तर्जुमा समितिका संयोजकका हैसियतले यस सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष २०७९/०८० को निति, कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । यस अवसरमा राजनीतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । त्यसैगरी राष्ट्रियता, स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नुहुने महान नेपाली तथा मधेशी नागरिक र त्यसको सवल एवम् सक्षम नेतृत्व गर्नुहुने राजनीतिक शिखर व्यक्तित्वप्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

यस गाउँपालिकालाई "समृद्ध गाउँपालिका र सुखी गाउँपालिकाबासी" बनाउने दिर्घकालीन उद्धेश्य अनुरुप आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा गाउँपालिका अगाडि बढिरहेको छ । प्रतिव्यक्ति आयको वृद्धिले मात्र न्यायोचित विकास सम्भव हुदैन, न त सीमित आयको वितरणबाट नै समृद्धिमा पुग्न सकिन्छ । त्यसैले उच्च आर्थिक वृद्धि सँगै त्यसको न्यायपूर्ण वितरणबाट मात्र सर्वाङ्गिण विकास हासिल गर्न सकिने यस सरकारको मान्यता रहेकोछ । सवै नागरिकका लागि मर्यादित काम, न्यूनतम खाद्य सुरक्षा, आधारभुत स्वास्थ्य–शिक्षाको सुविधा, स्वच्छ खानेपानी र सुरक्षित आवास जस्ता अत्यावश्यक आवश्यकताहरुको परिपुर्ति नै हाम्रो सामुदायिक विकास तर्फको यात्रा प्रस्थान विन्दु हुनेछ ।

यस गाउँपालिकामा उपलब्ध श्रोत साधनहरुको प्रभावकारी उपयोग मार्फत विकास कार्यलाई निरन्तरता दिदै जनताको आबश्यकता एवं चाहनाको प्राथमिकिकरण गर्दै जनताहरुकै सहभागितामा सखुवा प्रसौनी गाउँपालिकाको विकास गरि सम्वृद्ध बनाउनु यस गाउँपालिकाको लक्ष्य हो । आर्थिक, सामाजिक, राजनितिक, साँस्कृतिक, तथा शैक्षिक लगायत समग्र क्षेत्रको विकास गरि यसको प्रतिफलको सम्मान एवं समन्यायिक वितरण मार्फत जनतालाई परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउन प्रस्तुत निति तथा कार्यक्रम सफल हुने छ भनी विश्वास लिएको छु ।

स्थानीय तहको पहिलो निर्वाचनबाट बनेको सखुवा प्रसौनी गाउँपालिका सरकारको पाँचौ पल्टको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानिय सरकार संचालन ऐन, २०७४ तथा विनियोजन विधेयक २०७९ को सिद्धान्त र प्राथमिकता, नेपाल सरकार तथा प्रदेश सरकारको निति तथा कार्यक्रम चालु आवधिक योजना, दिगो विकास लक्ष्य र गाउँसभा सदस्यहरुले दिनुभएको सुझावहरु तथा विभिन्न राजनितिक दल, संघ संस्था, विद्धवत वर्ग, लक्षित वर्गबाट प्राप्त रचनात्मक सुझावहरु र प्रतिकृयालाई मार्गदर्शनको रुपमा लिएको छु ।

२०७९-०३-१२

जसवन्त यादव

सम्मानिय अध्यक्ष महोदय,

अब म नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## सामाजिक विकास

### शिक्षा

१. सबै बालबालिकाहरुलाई शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालयमा भर्ना अभियानलाई अघि बढाइ चालु शैक्षिक सत्र, २०७९ तथा आगामी शैक्षिक सत्र, २०८० भित्र नै विद्यालय जाने उमेरका सवै बालबालिकालाई विद्यालय भर्ना गराई माध्यमिक तह सम्मको शिक्षालाई क्रमश नि.शुल्क र अनिवार्य गरिनेछ । केन्द्र सरकार र प्रदेश सरकारको सहकार्यमा यसै आर्थिक वर्षभित्र साक्षर गाउँपालिका घोषणा गरिनेछ ।

२. सम्पुर्ण बालबालिकालाई शिक्षा प्रति आकर्षित गर्न र विद्यालय समयसम्म पठनपाठन गराउन नेपाल सरकारको नीति अनुरुप यस गाउँपालिकाका सबै सामुदायिक विद्यालयका कक्षा ६ सम्मका सवै विद्यार्थीलाई स्थानीय उत्पादनमा आधारित पौष्टिक **दिवा खाजा** नेपाल सरकारबाट उपलब्ध हुने बजेट लाई गुणस्तरिय रुपमा कार्यान्वयन गरिनेछ ।

३. प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गर्न तथा श्री दीपनारायण आदर्श नमुना मा.वि. पञ्चावामा संचालित **प्राविधिक कक्षालाई** प्रभावकारी तवरले संचालन गर्न आवश्यक प्रवन्ध मिलाईनेछ र कम्प्युटर शिक्षालाई अनिवार्य गरी यस आ.व.मा पनि सामुदायिक विद्यालयहरुमा कम्प्युटर, ल्यापटप तथा प्रोजेक्टर हस्तानान्तर गर्न आवश्यक रकम विनियोजन गरिनेछ ।

४. विद्यार्थीहरुको चाँप र विद्यार्थि शिक्षक अनुपातलाई मध्य नजर गरी आवश्यक रहेका माध्यमिक विद्यालयहरुमा **Double section** कक्षालाई थप व्यवस्थित बनाईने छ । साथै थप पुर्वाधारको व्यवस्था गरी पठनपाठनलाई प्रभावकारी बनाईनेछ । विद्यालय तहमा लिईने परीक्षालाई व्यवस्थित, मर्यादित, प्रभावकारी र गुणस्तरीय बनाउन उचित कार्यक्रम सहित आवश्यक बजेटको व्यवस्था मिलाईने छ ।

५. यस गा.पा. अन्तर्गतका सामुदायिक विद्यालयहरुमा आवश्यक **शिक्षक पदपुर्ति**को लागि शिक्षक नियुक्ति तथा आवश्यक प्रवन्ध मिलाईनेछ । साथै आवश्यकता अनुसार थप शिक्षकको लागि संस्था निर्धारण गरी आवश्यक बजेट विनियोजन गरिने छ ।

६. यस गा.पा. अन्तर्गतका विद्यालयलाई अपाङ्गता तथा बालमैत्री बनाइनेछ । अपाङ्गता भएका बालबालिकाका लागि शिक्षामा पहुँच अभिवृद्धिका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ । सामुदायिक विधालयहरुमा विद्यार्थीहरुको शारिरीक तथा मानसिक विकासका लागि विभिन्न खेलकुद सामग्रीहरु वितरण तथा **खेलकुद प्रतियोगिता**को आयोजना गरिनेछ । शिशु (बालविकास) कक्षालाई बालमैत्रि र सिकाईमैत्री बनाउन भौतिक रुपमा सुरक्षित र व्यस्थित कार्पेट तथा छापायुक्त कक्षाकोठा चाहिने भएकोले सोका लागि उचित कार्यक्रम सहित आवश्यक बजेटको व्यवस्था मिलाईने छ ।

७. बालविकास सहजकर्तालाई विद्यालयको पठनपाठन कार्यमा प्रोत्साहित गरी उच्च प्रतिफल प्राप्त गर्न **नेपाल सरकारले घोषणा गरे बमोजिम बाल विकास सहजकर्ताको तलब भत्ताको व्यवस्था मिलाईनेछ** । कोरोना (कोभिड-१९) महामारीबाट शैक्षिक सत्र, २०७९ समेत प्रभावित भएको देखिएकोले विद्यार्थीका लागि अतिरिक्त कक्षा संचालन गर्न व्यवस्था गरिनेछ ।

८. यस गा.पा. भित्रका SEE उतिर्ण गरेको छात्राहरुलाई गा.पा.भित्रको सामुदायिक विद्यालयमा +2 अध्ययन गर्न चाहेमा गौ.पा.को सिफारिसमा निःशुल्क अध्ययनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

९. यस गा.पा.का सामुदायिक विद्यालयहरुलाई **क्रमशः अंग्रेजी माध्यम**बाट कक्षासंचालन कार्य शुरु गरिनेछ ।

१०. सामुदायिक विद्यालयको पठन पाठन गुणस्तरीय बनाउन निरन्तर अनुगमन मूल्यांकन गर्ने व्यवस्था मिलाइने छ ।

११. सामुदायिक विद्यालयलाई प्राविधिक मैत्री शिक्षण सिकाई कार्यलाई अगाडी बढाउन प्रोत्साहन गरिनेछ । यस कार्यलाई सहयोगी संस्थाहरुको सहयोगमा अगाडी बढाईने छ ।

१२. आधारभुत तथा माध्यमिक विद्यालयहरुमा विद्युतिय हाजिरीको व्यवस्थालाई कार्यान्वयनमा ल्याईनेछ ।

१३. शिक्षा सम्बन्धी कुनैपनि किसिमको सहयोग वा प्रोत्साहन सम्बन्धी सुविधा यस गा.पा. भित्रको विद्यालयमा अध्ययन गर्ने तथा यस गा.पा.मा स्थायी बसोबास गरेको नागरिकको सन्तानलाई मात्र उपलव्ध गराईने छ ।

१४. हरेक सामुदायिक विद्यालयमा वार्षिक अभिभावक भेला गरी आय–व्यय सार्वजनिक गर्ने तथा हरेक विद्यालयको उत्कृष्ट शिक्षक एवम् विद्यार्थीलाई प्रोत्साहित गर्न आवश्यक बजेटको व्यवस्था मिलाइने छ । नियमित अतिरिक्त कृयाकलापले विद्यार्थिको शारीरिक, मानसिक, सामाजिक र बौद्धिक विकासमा

अत्यन्तै प्रभावकारी भुमिका निर्वाह गर्ने भएकोले सोको लागि हरेक सामुदायिक विद्यालयमा प्रभावकारी कार्यक्रम सहित आवश्यक बजेटको व्यवस्था मिलाईने छ ।

१५. यस गा.पा. भित्रका विद्यालयहरुलाई दैनिक कार्य संचालन, न्युनतम शैक्षिक सामग्रीको प्रयोग अभिवृद्धि गर्दै शिक्षण सिकाई सुनिश्चित गर्न विद्यालयलाई एकमुष्ट अनुदानको व्यवस्था गरिनेछ । विगतमा प्रत्येक सामुदायिक विद्यालयमा भई रहेको शैक्षिक कार्य अन्तर्गतको शैक्षिक गतिविधि तथा तथ्यांकलाई अभिलेखालयको रुपमा व्यवस्थित राख्न श्रोत केन्द्रको अवधारणालाई महत्वपूर्ण भुमिका खेल्दै आएकोमा यस गाउँपालिकामा रहेका श्रोत केन्द्र भवनलाई शैक्षिक अन्तरकृया तथा अभिलेखालयको रुपमा व्यस्थित र प्रविधि युक्त बनाउन उचित कार्यक्रम तथा बजेटको व्यवस्था गरिनेछ ।

१६. गा.पा. भित्र थप कक्षा संचालन गर्न अनुमति प्रदान गएिका सामुदायिक विद्यालयहरुमा थप पुर्वाधारको व्यवस्था गरि पठन पाठनलाई व्यस्थित बनाईनेछ ।

१७. गा.पा.भित्रको प्रत्येक विद्यालयलाई विद्यार्थीहरुको बहुआयामिक विकासको लागि खेलकुद सामाग्री गा.पा.बाट उपलव्ध गराउनुका साथै अतिरिक्त कियाकलापको योजना निर्माण गरी कायान्वयन गरिनेछ।

१८. शिक्षण सिकाईलाई समय सान्दभिक र व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यकता अनुसार शिक्षकहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

१९. विद्यालयका प्रधानाध्यापकहरुलाई अधिकार सम्पन्न बनाई शिक्षण सिकाई सम्झौता गरी सो अनुरुप उपलव्धिको सुनिश्चित गर्न मूल्यांकन प्रणाली विकसित गर्ने तथा प्रत्येक सामुदायिक विद्यालयका शिक्षकहरुलाई विद्यार्थीको सिकाई उपलब्धिका आधारमा शिक्षकहरुलाई दण्ड र पुरस्कारको व्यवस्था गरिनुका साथै शिक्षक कर्मचारीलाई प्र.अ.को सिफारिस तथा गा.पा.को मूल्यांकनको आधारमा सरुवा, घटुवा, ग्रेड रोक्का जस्ता दण्डविधि अपनाउन आवश्यक व्यवस्था गरिनेछ । प्र.अ.लाई पूर्ण रुपमा विद्यालय प्रति तथा गा.पा. प्रति जवाफदेहिता र उत्तरदायि बनाइनेछ ।

२०. गा.पा. भित्र कम्प्युटर संचालनमा रहेको विद्यालयको **कम्प्युटर कक्षाको निरन्तर** रुपमा संचालनको सुनिश्चितता गर्न मरम्मतको व्यवस्था गरिनेछ ।

२१. गा.पा. भित्रका माध्यमिक विद्यालयहरुमा **सि.सि.टि.भि. क्यामरा जडान तथा विद्युतिकरणको** व्यवस्था गरिनेछ ।

२२. गा.पा.भित्रको विद्यालयहरुमध्ये कुनै एक विद्यालय छनौट गरी प्रविधियुक्त स्मार्ट कक्षा निर्माण गरिनेछ ।

२३. शिशुकक्षाका विद्यार्थीहरुलाई खेल तथा शिक्षण सामाग्री व्यवस्था गरिनेछ ।

२४. विद्यार्थीहरुको शैक्षिक भ्रमणलाई निरन्तरता दिदैं प्रा.वि.तहको विद्यार्थीहरुलाई पनि समावेश गरिनेछ ।

२५. गा.पा. भित्र संचालित विद्यालयहरुले अपेक्षित नतिजा दिन नसकेमा वा गा.पा.को निर्देशानुसारको कार्य तोकिएको समयमा नगरेमा गा.पा.ले आवश्यक नियम बनाई कारवाही गर्न सक्नेछ ।

सम्मानीय अध्यक्ष महोदय

युवा तथा खेलकुद

२६. युवा स्वरोजगारको लागि क्षमता विकास, सिप विकास, व्यवसायिक तालिमको संचालन गरिनेछ । प्रधानमंत्रि रोजगार कार्यक्रम मार्फत सखुवा प्रसौनी गाउँपालिका भित्रका वेरोजगार युवाहरुलाई आवश्यक रोजगारीको व्यवस्था मिलाईने छ ।

२७. युवा वर्गको क्रियाशिलतालाई गाउँपालिकाको विकासको क्षेत्रमा योगदान दिन सबै कार्यक्रम युवा मैत्री बनाउदै लगिनेछ ।

२८. गरिबि निवारणका लागि लघु उद्यम कार्यक्रम मार्फत युवाहरुलाई स्वरोजगार बनाई गाउँपालिका स्तरमा रोजगारीको सृजना गरी युवा शक्ति पलायन रोक्न स्थानीय श्रममुलक कार्यक्रम संचालन गरिनेछ ।

२९. बालबालिका तथा युवाहरुको शारिरीक तथा मानसिक विकासका लागि खेलकुदहरुमा जोड दिइनेछ । केन्द्र, प्रदेश सरकारको सहकार्यमा सम्भाव्यताको आधारमा रङ्गशाला, खेलमैदान, युवा क्लब तथा विचरण पार्क क्रमिक रुपमा स्थापना गर्न आवश्यक बजेट माँग गर्न प्रस्ताव गरेको छु । विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ ।

३०. युवातथा खेलकुद विकास समिति गठन गरी खेलकुदलाई अगाडी बढाउने व्यवस्था मिलाएको छु ।

**स्वास्थ्य**

३१. १५ शैया आधारभुत अस्पताल निर्माणको लीग केन्द्र सरकारसँग बजेट माग गरी प्रदेश सरकारबाट समेत आवश्यक श्रोतको लागि पहल गरिनेछ । सवै वडाहरुमा स्वास्थ्य सेवा संचालन अनिवार्य

गरिएकोमा सोका लागि **स्वास्थ्य चौकीहरुको भवन निर्माण** तथा वर्थिङ सेन्टर निर्माण र सुदृढिकरण गरिनेछ । सबै वडाहरुमा वर्थिङ्ग सेन्टर संचालन गरी दक्ष जनशक्तिको व्यवस्था गरिनेछ ।

३२. गाउँपालिकाबाट संचालित दुई वटै **एम्बुलेन्स**लाई चौविसै घण्टा गाउँपालिका वासी तथा जनसमुदायको सेवामा समर्पित गरिनेछ । साथै **गर्भवति, सुत्केरी र ज्येष्ठ नागरिकको लागि निःशुल्क एम्बुलेन्स सेवा** संचालन गरिने व्यवस्था मिलाईनेछ ।

३३. वडा नं.४ र ५ लाई कुपोषणमुक्त वडा घोषणा गर्ने तथा गाउँपालिकालाई कुपोषणमुक्त गाउँपालिका घोषणा गर्ने आवश्यक व्यवस्था मिलाईने छ ।

३३. स्वास्थ्य बीमाको कार्यक्रम संचालन गर्न केन्द्र सरकार, प्रदेश सरकार समक्ष पहल गरिनेछ । आमा र बच्चाको पोषण सुनिश्चित गर्न गर्भ अवस्था देखि नै प्रसुति सुरक्षा सेवा पुर्‍याईनेछ । वर्थिगं सेन्टरमा सुत्केरी भएकी आमालाई पोषण युक्त खानाका लागि २,०००।– पोषण भत्ता उपलब्ध गराइने व्यवस्था मिलाईनेछ । यस गा.पा.को वर्थिगं सेन्टर मा जन्मीएको छोरा वा छोरीहरुलाई प्रदान गरिने सुविधा यस गा.पा.मा स्थायी बसोबास गर्ने महिलाबाट जन्मिने छोरा छोरीलाई मात्र प्रदान गरिनेछ ।

३४. कोरोना भाईरस (कोभिड-१९) महामारी रोग रोकथाम, नियन्त्रण र निवारण कार्यलाई प्रभावकारी बनाउन सवै नागरिकहरुको स्वास्थ्य परिक्षण गराउन तथा स्वास्थ्य उपचारको लागि विषेशज्ञ सहितको स्वास्थ्य सेवा संचालन गर्ने व्यवस्था मिलाईने छ ।

३५. आवश्यक दक्ष जनशक्ति र भौतिक पूर्वाधारको व्यवस्थापन गरी गाउँपालिकाद्वारा प्रयोगशाला सेवा (Lab) संचालनको व्यवस्था थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

३६. यस गा.पा. भित्र लागू औषध, जुवा, तास, रक्शी बन्देज गर्न पहल गरिने छ । साथै कसैले सेवन गरे गराएको पाईएमा दण्ड/जरिवाना लाग्ने छ । सवै सार्वजनिक स्थलहरुमा धुम्रपान र मदिरा सेवन निषेध गरिनेछ । मदिरा र सुर्तिजन्य पदार्थको आयात तथा विक्री वितरण लाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

३७. विद्यालयका छात्राहरु महिनावारीको समयमा विद्यालय आउन नसक्ने हुँदा छात्राहरुलाई सेनेटरी प्याड उपलव्ध गराउन **प्याड वितरण मेशिनको** व्यवस्था गरिनेछ र सोका लागि स्यानेटरी पैड चेन्जिङ रुपको निर्माण गरिनेछ ।

गर्भवति पोषणमा विशेष ध्यान दिईनेछ। साथै बर्थिङ सेन्टरबाट सुत्केरी हुने महिलालाई दिईदै आएको सुविधालाई निरन्तरता दिईनेछ ।

३८. नेपाल सरकारबाट निशुल्क वितरण हुने औषधि स्वास्थ्य संस्थाबाट १२ महिना पुग्ने गरी आवश्यक व्यवस्था मिलाईनेछ

३९. गा.पा. भित्रका महिला बालबालिका पोषण अवस्था सुधार गर्नका लागि बहुक्षेत्रीय पोषण योजना संचालन गर्नका लागि गा.पा.तर्फबाट समेत बजेट विनियोजन गरी कार्यक्रमलाई निरन्तरता दिईने छ ।

४०. यस गाउँपालिकामा आ.व. २०७९।०८० बाट कम्तिमा २ वटा स्वास्थ्य चौकीबाट २४ घंटा आकस्मिक सेवा सुचारु गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

४१. वडा नं. १, २ र ५ लाई "NO Home Delivery" वडा घोषणा गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

**खानेपानी तथा सरसफाई**

४२. निश्चित समयमा सवैलाई आधारभुत खानेपानी उपलब्ध गराउने गरी स्थानीय तह र सामुदायिक गैर सरकारी संस्थाहरुले उपभोक्तासंग लागत सहभागितामा खानेपानी आयोजनाहरुका लागि समपुरक अनुदानको व्यवस्था मिलाएको छु ।

४२. खानेपानी कार्यक्रम अर्न्तगत **"एक घर एक चापाकल"** वितरण कार्यक्रम गा.पा.भरी संचालन गरिनेछ । साथै प्रत्येक घरमा खानेपानीको गुणस्तर जाँच गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

४३. खुला दिशामुक्त यस गा.पा. भित्रको वडाहरुमा **पोष्ट ओ.डि.एफ.** स्थानीय समुदायको सहकार्यमा यही आ.व. २०७९/०८० देखि संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

**महिला , बालबालिका तथा जेष्ठ नागरिक**

४३. यस गा.पा.का ज्येष्ठ नागरीकलाई चिसोबाट बच्नको लागि ब्लाङ्केट तथा अन्य सामग्री वितरण गरी **ज्येष्ठ नागरिक सम्मान** कार्यक्रम संचालन गरिनेछ ।

४४. एकल महिला तथा विधवा महिलाहरुको क्षमता विकास तथा सशक्तिकरण गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

४५. सबै वडा /टोलमा बाल क्लब गठन तथा अभिमुखिकरण तालिमको व्यवस्था गरिनेछ ।

४६. सबै वडा/टोलमा महिला समूह गठन/अभिमुखिकरण तथा परिचालनको साथै विभिन्न किसिमको कार्यक्रमको व्यवस्था गरिनेछ ।

## आर्थिक विकास

### कृषि तथा पशु

४७. उत्पादन मूलक तथा छिटो प्रतिफल दिने कार्यक्रम संचालन गर्न कृषि उपज अन्तर्गत किसानलाई नि:शुल्क मेवा तथा केरा खेतीको लागि बीउ, बेर्ना तथा प्राविधिक कर्मचारी उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

४८. किसानलाई सुलभ तरिकाबाट बीउँ तथा मल उपलब्ध गराउने व्यवस्था मिलाइने छ । **कृषि विमा**लाई प्रवर्द्धन तथा प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ । साथै विमालाई उत्पादन तथा उत्पादकत्वसँग आवद्ध गरिनेछ ।

४९. कृषि तथा पशुपंक्षी सम्बन्धि प्राविधिक ज्ञान र सिप प्रदान गर्न कृषि सेवा केन्द्रलाई विकसित गरिनेछ । नेपाल सरकारको नीति अनुरुप तरकारी बालीको पकेट क्षेत्र, गाई/भैसी तथा बाखा पालनको लागि पकेट क्षेत्र संचालन गरिनेछ । साथै गाउँपालिकाबाट आवश्यक **लघु पकेट क्षेत्र** संचालनको लागि आवश्यक व्यवस्था मिलाईने छ ।

### सिचाई तथा नदी नियन्त्रण

५०. नदी तटबन्ध गरी हुने सिचाई तथा विद्युत मोटरबाट हुने भुमिगत सिँचाईको उचित प्रवन्ध गरी तरकारी तथा फलफुल खेती सहितको आधुनिक फलफुल खेती कार्यमा जोड दिईनेछ ।

५१. जमुनिया खोला लगायतका नदीबाट आसपासका क्षेत्रमा बर्सेनि हुने कटान तथा बाढी पहिरोका कारण हुने डुबानबाट बर्सेनि करोडौंको क्षति हुने भएकोले त्यसलाई बाँधको व्यवस्था गरी नदीबाट हुने क्षतिलाई न्युनिकरण गरिनेछ ।

### सहकारी, पर्यटन र उद्योग

५१. गाउँपालिका क्षेत्रभित्र संचालित सहकारी संस्थाहरुको प्रवर्द्धन गरी थप रोजगारीको सृजना गरिनेछ ।

५२. ऐतिहासिक पारनाथ **मंदिरलाई** धार्मिक तथा पर्यटकिय स्थलको रुपमा विकास कार्य आरम्भ भईसकेकोले त्यसलाई निरन्तरता दिई पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गरिनेछ । साथै पर्सागढीको कोईलाभार माई मन्दिर देखि सखुवनीया हुँदै सिद्धपुरको शिवधाम मन्दिर सम्मलाई पर्यटकिय स्थलको रुपमा बिकास गरिनेछ।

५३. पर्यटनबाट रोजगारी तथा आय आर्जन बढाउन मनोरञ्जन, प्राकृतिक, ऐतिहासिक, धार्मिक र ऐतिसाहासिक पर्यटनको थप पुर्वाधार निर्माण, बजार प्रवर्द्धन र सेवा सुविधाको विकास विस्तार गरिनेछ ।

५४. स्वरोजगार योजना अन्तरगत बेरोजगार यूवा, महिलाहरुलाई व्यवसाय गर्न चाहेमा वा घरेलु साना उद्योग व्यवसाय गर्न चाहेमा न्युन व्याजदरमा सहकारी मार्फत ऋण उपलव्ध गराइने व्यवस्था मिलाईने छ ।

५५. गाउँपालिकाको विकासको लागि ठुलो सम्भावना बोकेको सहकारी क्षेत्रलाई थप क्रियाशिल बनाई विकासको एउटा खम्बाको रुपमा सहकारीलाई प्रवद्धन र परिचालन गरिने छ ।

५५. यस गा.पा. भित्र रहेको सम्पूर्ण उद्योग व्यवसायलाई दर्ता गराई नियमन गरिने व्यस्वथा मिलाईने छ । गा.पा. अन्तर्गत उद्योग स्थापना गर्ने जो कोहि उद्योगपतिलाई सक्दो सहयोग तथा प्रवर्द्धन गरिनेछ ।

५६. परम्परागत ज्ञान तथा मौलिक सिपमा आधारित लघु तथा घरेलु उद्योगलाई प्रविधि हस्तान्तरण तथा बजार संरक्षण मार्फत प्रवर्द्धन गरिने छ ।

**भौतिक पूर्वाधार**

५६. नेपाल सरकारको नीति अनुरुप यस गा.पा.द्वारा संचालन गरिएको **सुरक्षित नागरिक आवास कार्यक्रम**लाई निरन्तरता दिईने छ ।

५७. गाउँपालिका द्वारा गरिने विभिन्न भौतिक पूर्वाधारमा लाग्ने सामाग्री तथा मजदुरीका दररेटको कार्यविधी बनाई लागू गर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकालाई दिने गाउँभाबाट पारित गर्ने व्यवस्था मिलाएको छु ।

५८. घर नक्शा पास गराउँदा ३ फिट जग्गा छोड्नु पर्नेछ साथै झ्याल/ढोका राख्नको लागि २ फिट गरी जम्मा ५ फिट छाडी नक्शा बनाउनु पर्ने व्यवस्था ल्याएको छु ।

५९. यस गा.पा. भित्र सार्वजनिक जग्गामा निर्माण भएको घर टहरा हटाईने छ । साथै मिचिएका सार्वजनिक जग्गा एकिन गरी गा.पा. मातहतमा ल्याइने छ । नक्शा पास नगराई घर, टहरा, पर्खाल निर्माण कार्य भएमा कार्यवाही गरिनेछ ।



जसवन्त यादव

६०. विद्युतीकरण अन्तर्गत वडा नं. १ देखि ६ सम्म तारपोल र ट्रान्सफरमर जडान गरिने छ ।

६१. नाप नक्शा अनुसार रोड चौडा गरी सडक ढलान तथा नाला निर्माण गरिने छ ।

६२. सार्वजनिक सडकहरु बाह्रै महिना सुचारु राखिने छ । आकस्मिक मर्मत संभार कार्यको लागि **मर्मत संभार कोष**को व्यवस्था गरी संचालन गरिने छ ।

६३. ५ लाख भन्दा बढीका आयोजनाहरुमा आयोजना स्थलमा योजना सम्बन्धि जानकारी गराउन अनिवार्य रुपमा विस्तृत विवरण सहित **होडिङ्ग वोर्ड** लगाईने छ ।

६४. एक भन्दा बढी वडालाई जोड्ने रुपान्तरणकारी आयोजनाको रुपमा सडक कालोपत्रे गरिनेछ । साथै कृषि सडकलाई समेत प्राथमिकता दिईने छ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

६५. स्वच्छ, हराभरा र प्रदुषण मुक्त गाउँपालिका अध्ययन संचालन गरी जैविक विविधता तथा जलवायू परिवर्तन अनुकुलनमा गाउँपालिका, निजी क्षेत्र, सहकारी तथा सामुदायिक र गैर सरकारी क्षेत्र विच सहकार्य गरिनेछ ।

६६. जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकलनका कार्यक्रम संचालन गरिनेछ । आसपासका सवै क्षेत्रहरुको सफाइमा विशेष ध्यान दिइनेछ ।

६७. जलवायु परिवर्तनलाई ध्यान दिई वृक्षारोपण संगै गा.पा.भित्र **"फलफुलको नर्सरी"** स्थापना गरी विरुवा वितरण गर्ने व्यवस्था गरेको छ ।

६८. हरेक वडामा रहेको ऐलानी जग्गा एकिन गरी वृक्षारोपणको व्यवस्था गरिनेछ, रोपिएका विरुवा नष्ट गर्ने तथा नष्ट गर्न दुरुत्साहन गर्ने जो कोहीलाई कारवाहीको व्यवस्था गरिने छ ।

६९. धुवा रहित भान्साघर कार्यक्रम अन्तर्गत **एक घर एक यास चुल्हो सेट** वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ । साथै ईन्डक्सन चुल्हो र सुधारिएको चुलो वितरण कार्यलाई समेत निरन्तरता दिईनेछ ।

७०. नदि किटान र बाढी प्रभावित क्षेत्रको अध्ययन गरी नियन्त्रणात्मक कार्य संचालनमा जोड दिईनेछ । विपद् सम्बन्धि जनचेतना, विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयनमा आवश्यक पहल गरिनेछ सोका लागि गाउँपालिका प्रकोप व्यवस्थापन कोषमा आवश्यक रकमको विनियोजन गरिने छ ।

७१. नदीको बैज्ञानिक उत्खनन गरी संकलित नदीजन्य पदार्थको उपयोग गरिनेछ ।

सखुवा प्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

**सम्मानीय अध्यक्ष महोदय**

**सुशासन एवं संस्थागत विकास**

७२. वडा स्तरीय गुनासो सार्वजनिक सुनुवाई कार्यक्रम गरिने व्यवस्था मिलाईने छ ।

७३. भ्रष्ट्राचारजन्य गतिविधिको संरक्षण तथा पक्षपोषण गर्ने संस्कृतिको अन्त्य गर्दै भ्रष्ट्राचार गर्ने र गराउने दुवै पक्षलाई कानुनको दायरामा ल्याइनेछ ।

७४. सुचना प्रविधिको क्षेत्रमा भएको असल अभ्यास लाई अनुसरण गरी आगामी दिनमा गाउँपालिकाले प्रदान गर्ने सबै सेवाहरुलाई क्रमश: विधुतिय प्रणालिमा रुपान्तरण गरिनेछ ।

७५. निर्णय प्रक्रियालाई शिघ्र र पारदर्शी बनाई निर्णय गर्ने पदाधिकारीलाई नतिजा प्रति उत्तरदायि र जिम्मेवार बनाइनेछ । आर्थिक अनुशासनको कडाईका साथ पालना गरिनेछ ।

७६. सामाजिक जवाफदेहिताका औजारहरु सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण लाई कडाईका साथ व्यवहारमा ल्याइनेछ ।

७७. प्रत्येक वडा कार्यालयमा जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता लगायतका **पंजिकरण सम्बन्धि अभिलेखलाई अनलाईन** गर्ने व्यवस्था मिलाईने छ । साथै नेपाल सरकारको नीति अनुरुप सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजनालाई निरन्तरता दिईनेछ ।

७८. सामाजिक संजालमा पहुँच पुर्‍याउन हरेक वडामा वाईफाई को व्यवस्था मिलाएको छु ।

७९. विभिन्न तालिम मार्फत कर्मचारीहरुको क्षमता विकास गरी कार्य सम्पादनको गुणस्तर अभिवृद्धि गरिनेछ ।

८० सखुवा प्रसौनी गाउँपालिकाको प्रशासकिय भवन निर्माण कार्यलाई विशेष प्राथमिकतामा राखी प्रशासकीय भवन निर्माणको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

**कानुन तथा न्याय**

८१. न्यायी समितिलाई जवाफदेहिता तथा सुदृढ बनाउन गा.पा. स्तरीय मेलमिलाप समिति गठन गरिनेछ ।

८२. न्यायीक समितिलाई व्यवस्थित तथा भरपर्दो बनाउन **इजलास तथा ड्रेस**को आवश्यक व्यवस्था मिलाएको छु ।

८३. अड्डा अदालतमा मुद्दा मामिला सम्बन्धी वारिस/प्रतिनिधीमा लाग्ने खर्चको व्यवस्था गरिनेछ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

८४. कुनै किसिमको सेवा सुविधा यस गा.पा.को नागरिकलाई मात्र उपलब्ध गराईने छ ।

८५. राष्ट्रिय स्तरको चाडपर्व तथा दिवस मनाउन (जस्तै : गणतन्त्र दिवस, संविधान दिवस, सहिद दिवस) बजेटको व्यवस्था गरेको छु ।

८६. सार्वजनिक जग्गा पोखरीको अभिलेख राखी त्यसको संरक्षण गरिनेछ ।

८७. प्रधानमन्धी रोजगार कार्यक्रमलाई यस गा.पा.को आ.व. ०७९।०८० को बजेटमा समोवेश गरी आयोजना /कार्यक्रमको तर्जुमा गरेको छु ।

## कर्मचारी व्यवस्थापन

८८. यस गाउँ कार्यपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको स्थानीय प्रोत्साहन भत्ता कार्य सम्पादनको आधारमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

८९. निजी श्रोतमा कार्यरत कर्मचारी तथा शिक्षकहरुलाई रु १०,०००।- का दरले पोशाक सुविधा उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

९०. महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई उपलब्ध गराउदै आएको प्रोत्साहन भत्तामा रु ५०० थप गरी रु ३००० (तीन हजार ) उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

**समाननीय सभा अध्यक्ष ज्यु,**

अब म माथि उल्लेखित निति तथा कार्यक्रमले लिएको लक्ष्य पुरा गर्नको लागि यस गाउँपालिकाले आ.व.२०७९।०८० का लागि विनियोजन गरेको आय व्ययको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु । यसको विस्तृत विवरण गाउँपालिका विकास योजनाको पुस्तिका मार्फत प्रकाशित हुने नै छ । यस गाउँपालिकाको यस आ.व.मा आय तर्फ कुल सर्शत अनुदान रु २१,९०,००,००० आन्तरिक स्रोतबाट रु.४,०३,२९,४५६ कुल वितिय समानिकरण अनुदान तर्फ रु १३,४८,५४,००० राजश्व बाँडफाँड तर्फ रु ९,७६,२५,००० सामाजिक सुरक्षा भता वापत रु ८,५१,१३,१२० हुने र व्यय तर्फ जम्मा रु ५७,६९,२१,५७६ रहने लक्ष्य लिईएको छ ।

**अध्यक्ष महोदय,**

यस गाउँपालिकाको नीति तथा कार्यक्रम स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने क्रममा बस्ती तह, वडा समिति, वडा वासी, गाउँपालिकामा कृयाशिल राजनैतिक पार्टीहरु, विषयगत क्षेत्रहरु, नागरिक समाज, सरोकारवाला निकाय, ब्यापारी, पत्रकार, सखुवा प्रसौनी गाउँ कार्यपालिका परिवार, गाउँपालिका कर्मचारी परिवार लगायत सम्बद्ध पक्षले पुरयाउनु भएको सहयोग र सहभागिता उल्लेखनिय रहेको छ ।

सहभागितात्मक गाउँपालिका विकास योजना तर्जुमाका विभिन्न चरणमा सहभागि भई नवौं गाउँ सभा आयोजना गर्ने क्रममा यहाँहरुबाट प्राप्त साथ र सहयोगका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा अब म यस सखुवा प्रसौनी गाउँपालिकाले माथि उल्लेखित निति तथा कार्यक्रमहरु स्वीकृत गरिदिनहुन गाउँ सभा समक्ष हार्दिक अनुरोध गर्दछु ।

उपाध्यक्ष
शर्मिला विष्ट